# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०२।१० गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

जिल्ला बाँके, नौवस्ता गा.वि.स. वडा नं. ४ मा आ.व. २०७१/०७२ मा डिप बोरिङ निर्माण सम्पन्न भएकोमा हालसम्म संचालनमा नआएको, इस्टिमेट अनुसार कार्य नगरी रकम हिनामिना गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा उक्त डिप बोरिङ निर्माण उपभोक्ता समितिका अध्यक्ष हाल बाँके जिल्ला बैजनाथ गाउँपालिका वडा नं. ३ का वडा सदस्य पदमा कार्यरत कहरसिंह थापा मगर, साविक नौवस्ता गा.वी.स.का तत्कालिन वडा सचिव हाल बाँके जिल्ला राप्ती सोनारी गाउँपालिका वडा नं. १ मा कार्यरत नायव सुब्बा खिमलाल पाण्डे र नौवस्ता गा.वी.स.का सव-ओभरसियर नेत्र विक्रम थारूले आफ्नो पदीय दायित्व र जिम्मेवारी बोध नभई लापरवाही गरी लागत इष्टिमेट अनुसारको कार्य नभएको अवस्थामा पूरै काम भएको भनी कार्य सम्पन्न मूल्याङ्कन प्रतिवेदन तथा झुट्टा बिल बनाई रु. १,५८,७७१/१०(एक लाख अन्ठाउन्न हजार सात सय एकहत्तर रुपैया दश पैसा) बढी भुक्तानि दिन सिफारिस गरी आफूहरुलाई गैहकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई हानि नोक्सानी पुर्याएको तथ्य पुष्टि भएकोले निजहरुले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) द्वारा परिभाषित कसुर गरेको देखिएकोले निजहरूलाई जनही बिगो रु.१,५८,७७१/१० (एक लाख अन्ठाउन्न हजार सात सय एकहत्तर रुपैया दश पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, , २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गरी कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(काली प्रसाद पराजुली)
सह-सचिव